मिति: २०८२।०२।०६ गते  गाउँ कार्यपालिका  बैठक नं ६०

आज मिति २०८२।०२।०६ गते मंगलबारका दिन दिउँसो ०२:०० बजे यस बागमती गाउँपालिकाका अध्यक्ष श्री सर्केश घलानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

**उपस्थिति**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सर्केश घलान | अध्यक्ष | |
| २ | श्री फणिन्द्र कुमार तिमल्सिना | उपाध्यक्ष | |
| ३ | श्री हस्त बहादुर थिङ, ०१ नं. का.वा. वडाध्यक्ष | सदस्य | |
| ४ | श्री जनक बहादुर पहरी, ०२ नं. वडाध्यक्ष | सदस्य | |
| ५ | श्री कमान सिं पाखिन, ०३ नं. वडाध्यक्ष | सदस्य | |
| ६ | श्री दन्त लाल माझी, ०४ नं. वडाध्यक्ष | सदस्य | |
| ७ | श्री विजय कुमार भोलन, ०५ नं. वडाध्यक्ष | सदस्य | |
| ८ | श्री टेक बहादुर डिम्डुङ, ०६ नं. वडाध्यक्ष | सदस्य | |
| ९ | श्री उत्तर बहादुर भोलन, ०७ नं. वडाध्यक्ष | सदस्य | |
| १० | श्री इन्द्रमणी तिमल्सिना, ०८ नं. वडाध्यक्ष | सदस्य | |
| ११ | श्री पुनराम घलान, ०९ नं. वडाध्यक्ष | सदस्य | |
| १२ | श्री भिम भुजेल | सदस्य | |
| १३ | श्री डम्बर बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री अम्बिका विश्वकर्मा | सदस्य | |
| १५ | श्री उर्मिला वि.क. | सदस्य | उर्मिला |
| १६ | श्री भगवती माया माझी | सदस्य | भगवती |
| १७ | श्री सुनिता नेगी | सदस्य | |
| १८ | श्री ओम बहादुर दर्जी | सचिव | |

मिति: २०८२/०२/०६ गते  गाउँ कार्यपालिका  बैठक नं. ८०

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुप्रचौर, मकवानपुर
बागमती प्रदेश, नेपाल

## प्रस्तावित विषयहरु

१. विगत गाउँ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।
२. कार्यविधि सम्बन्धमा।
३. नदीजन्य पदार्थको उत्खननका लागि विन्दु यकिन सम्बन्धमा।
४. नदीजन्य पदार्थ उत्खननमा सहजीकरण सम्बन्धमा।
५. गाउँ विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा।
६. आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा।
७. १५ शैया आधारभुत अस्पताल निर्माण कार्य सम्बन्धमा।
८. बजेट रकमान्तर सम्बन्धमा।
९. सुपर बागमती हाइड्रो पावरका लागि माग गरिए बमोजिमको नदीजन्य पदार्थ उपलब्ध गराउने सम्बन्धमा।
१०. विविध १, २, ३, ४ र ५

सर्केश घलान
अध्यक्ष

मिति: २०८२।०२।०६ गते

गाउँ कार्यपालिका बैठक नं. ६०

## निर्णयहरु

**निर्णय नं. ०१**

**प्रस्तावित विषय नं. ०१** माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाबाट गत विगतमा गरिएका अधिकांश बैठकका निर्णयहरु कार्यान्वयन भएका एवं कार्यान्वयनका चरणमा रहेको हुँदा थप प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका जनप्रतिनिधिमुलक संयन्त्र, कर्मचारी संयन्त्र तथा सम्पूर्ण सरोकारवालाहरुको सहयोग एवं समन्वयमा सबै संयन्त्रहरु परिचालन गरी कार्यसम्पादन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

**निर्णय नं. ०२**

प्रस्तावित विषय नं. ०२ माथि छलफल गर्दा आ.व. २०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी एवं विधिसम्मत ढंगबाट कार्यान्वयन गर्न एवं गाउँपालिकालाई दीर्घकाल सम्म आवश्यक पर्ने कानुन अन्तर्गत ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, योजना लगायतका कानुनहरु निर्माण गर्नुपर्ने र कार्यान्वयनमा रहेका ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, योजना लगायतका कानुनहरु संशोधन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै सुव्यवस्थित तथा प्रकृयागत तवरले सरोकारवालाहरु समेतको संलग्नतामा कानुनको निर्माण र संशोधनका लागि गाउँपालिकाको विधेयक समिति मार्फत कानुन निर्माण एवं संशोधनको मस्यौदा तयारी र स्वीकृतिका लागि गाउँ कार्यपालिकामा पेश गर्ने प्रयोजनार्थ विधेयक समितिद्वारा देहाय बमोजिमका कानुनको मस्यौदा निर्माण गरी आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको हुँदा उक्त मस्यौदा उपर छलफल गरी सर्वसम्मतिमा स्वीकृत गर्ने निर्णय गरियो।

देहाय

| क्र.सं. | विवरण | कैफियत |
|---|---|---|
| १ | कृषि उपज संकलन तथा बिक्री सेवा केन्द्र स्थापना एवं संचालन कार्यविधि, २०८१ | स्वीकृत |

**निर्णय नं. ०३**

**प्रस्तावित विषय नं. ०३** माथि छलफल गर्दा बागमती गाउँपालिकाको चालु आ.व. २०८१।८२ को आन्तरिक राजश्व कर व्यवस्थापन गर्ने उद्देश्यले नदीजन्य पदार्थहरु उत्खनन् तथा निकासीको लागि ठेक्का आह्वान गरी सोको कार्यान्वयन गर्ने चरणमा गाउँ कार्यपालिकाको कार्यालय र सहज बालुवा प्रशोधन तथा सप्लायर्स प्रा.लि. बीच भएको सम्झौतामा उल्लिखित विन्दुहरु मध्ये उत्खननको क्रममा देहायानुसारको विन्दुमा गरिएको स्थलगत सर्वेक्षणमा प्लटहरुको जि.पि.एस. पोइन्ट, टोपोम्याप र रेखाङ्कन गरिएको उक्त स्थानहरुमा प्राविधिक रुपमा त्रुटि देखिन आएको हुँदा सोको समाधानार्थ स्थलगत निरीक्षण गरी यथाशीघ्र आवश्यक राय, सल्लाह एवं सुझाव सहित सहजीकरण गरिदिनका लागि सो सँग सम्बन्धित IEE गर्ने परामर्शदातृ संस्था श्री वातावरणीय चेतनाको लागि एकीकृत विकास, हेटौंडा-०६, मकवानपुरलाई गाउँ कार्यपालिका कार्यालयको च.नं. २९२१, मिति २०८२/०२/०२ गतेको पत्रबाट अनुरोध गरिएकोमा उक्त संस्थाको च.नं. ०९, मिति २०८२/०२/०५ गतेको पत्रबाट राय सहितको स्थलगत निरीक्षण प्रतिवेदन प्राप्त भएको हुँदा सो प्रतिवेदनलाई स्वीकृत गरी सोही प्रतिवेदनमा उल्लेख गरिए बमोजिमका विन्दुहरुबाट वातावरणीय रुपमा असर नपर्ने गरी मापदण्डानुसार नदीजन्य पदार्थको उत्खनन् र संकलनका लागि आवश्यक सहजीकरण गर्न, गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

सर्वेश घलान
अध्यक्ष

गाउँ कार्यपालिका
बागमती गाउँपालिका
कार्यपालिकाको कार्यालय
फुर्के, मकवानपुर
बागमती प्रदेश

देहाय

| क.सं. | स्थान | Co-ordinate | | Measurement | | परिमाण (घ.मि.) | परिमाण (घ.फि.) | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | अक्षांश (Latitude) | देशान्तर (Longitude) | सतही क्षेत्रफल (वर्ग मी.) | औ. गहिराई (मी.) | | | |
| १ | चौरा खोला १ | ३३८७६७ | ३०२६१६७ | ४५०० | १.२ | ५४००.०० | १९०५५२.७८ | |
| २ | चौरा खोला २ | ३४१२९८ | ३०२४४६९ | ५५०० | १.२ | ६६००.०० | २३२८९७.८४ | |

*निर्णय नं. ०४*

प्रस्तावित विषय नं. ०४ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को यस गाउँपालिकाबाट स्वीकृत आयोजना **"बागमती गाउँपालिका अन्तर्गत रहेका विभिन्न खोला तथा नदीहरुको निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन् संकलन तथा बिक्री गर्ने कार्य"** IFB No:- BRM/NCB/SRBM/IR/003/2081/082, Project Location:- चौरा खोला २ को लागि नदीजन्य पदार्थको उत्खनन् तथा संकलन गर्ने प्रयोजनार्थ उक्त आय ठेक्का सम्पन्न गर्नुपर्ने समयावधिलाई मध्यनजर गर्दै वातावरणीय रुपमा प्रतिकुल नहुने गरी स्वीकृत IEE प्रतिवेदनमा उल्लिखित प्रयोग गर्न अनुमति दिन सकिने भारी सवारी साधनको हकमा मिति २०८२।०२।०६ गतेको गाउँ विपद् व्यवस्थापन समितिको बैठकबाट समेत सिफारिस भइ आएको हुँदा देहाय बमोजिमको भारी सवारी साधन प्रयोग गरी ठेक्का सम्झौतानुसारको परिमाणमा नदीजन्य पदार्थको उत्खनन् तथा संकलनका लागि अनुमिति प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| सि.नं. | उपकरणको बिबरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | एक्साभेटर | १ थान | |
| २ | ट्रीपर | ४ थान | |

*निर्णय नं. ०५*

प्रस्तावित विषय नं. ०५ माथि छलफल गर्दा मिति २०८२।०२।०६ गते बसेको गाउँ विपद् व्यवस्थापन समितिको बैठकले गरेका निर्णयहरु आज बसेको गाउँ कार्यपालिका बैठकमा पेश हुन आएको हुँदा उक्त निर्णयहरु उपर आवश्यक जानकारी लिई व्यापक छलफल गरी सबै निर्णयहरु अनुमोदन गर्ने र कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

सर्केश घलान
अध्यक्ष

CamScanner

*निर्णय नं. ०६*

प्रस्तावित विषय नं. ०६ माथि छलफल गर्दा मिति २०८२/[illegible] गते बसेको आर्थिक विकास समितिको बैठकले गरेका निर्णयहरु आज बसेको गाउँ कार्यपालिका बैठकमा पेश हुन आएको हुँदा उक्त निर्णयहरु उपर आवश्यक जानकारी लिई व्यापक छलफल गरी सबै निर्णयहरु अनुमोदन गर्ने र कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

*निर्णय नं. ०७*

प्रस्तावित विषय नं. ०७ माथि छलफल गर्दा बागमती गाउँपालिकाको कार्यालयबाट आ.व. २०७९/०८० को ठेक्का बन्दोबस्त अन्तर्गत १५ शैया आधारभूत अस्पताल निर्माणको लागि मिति २०८०/०२/२४ गते श्री शिवालय बिल्डर्स प्रा.लि. र यस कार्यालय बीच ने.रु.१७,८८,६१,०७९।५२ (अक्षरेपि सत्र करोड अठासी लाख एकसठ्ठी हजार उनानअसी रुपैयाँ र बाउन्न पैसा मात्र) मा सम्झौता भई निर्माण कार्य अन्तिम चरणमा पुगेकोमा १५ शैया अस्पताल निर्माणको उद्देश्य, सो अस्पतालबाट प्रदान गरिने सेवाको प्रकृति, सोको उपयोगिता, अवस्थिति एवं स्थानको आधारमा Bill Of Quantity को आइटम नं. ५४ मा भएको Polycarbonate Sheet को Thickness, Rate analysis मा २ mm भएको र BOQ मा १० mm हुन गएको भनि प्राविधिक प्रतिवेदन पेश हुन आएको हुँदा उक्त प्रतिवेदन समेतको आधारमा तपसिल बमोजिमको Polycarbonate Sheet उपलब्ध गराई प्रयोग गर्न, गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

तसिल:

| क्र.सं. | BOQ मा भएको आइटम | एस्टिमेटको दररेट अनुसारको आइटम | कैफियत |
|---|---|---|---|
| १. | Supply and laying of 10mm thick polycarbonate sheet (density १.६kg/m२) in roof including fixing in proper shape & size with all necessary screws, nuts & bolts, washers, J & L hooks, etc. all complete as per drawings, specifications and instruction of site-engineer. | Supply and laying of 2mm thick polycarbonate sheet (density १.६kg/m२) in roof including fixing in proper shape & size with all necessary screws, nuts & bolts, washers, J & L hooks, etc. all complete as per drawings, specifications and instruction of site-engineer. | Supply and laying of minimum of 2mm or above thick polycarbonate sheet (density १.६kg/m२) in roof including fixing in proper shape & size with all necessary screws, nuts & bolts, washers, J & L hooks, etc. all complete as per drawings, specifications and instruction of site-engineer. |

*निर्णय नं. ०८*

प्रस्तावित विषय नं. ०८ माथि छलफल गर्दा बागमती गाउँपालिकाको चालु आ.व. २०८१।०८२ को योजना तथा कार्यक्रममा विनियोजित बजेट कार्यान्वयन गर्ने क्रममा हाल कुनै शीर्षकमा बजेट बचत हुने देखिएको र कुनैमा अपुग हुने देखिन आएको हुँदा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ को अधीनमा रहि देहायका योजना तथा कार्यक्रमहरुका शीर्षकहरुबाट बजेट रकम रकमान्तर गर्ने र योजना तथा कार्यक्रम कार्यान्वयन गर्न एवं भुक्तानी प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

सर्केश घलान

अध्यक्ष

CamScanner

मिति: २०८२/०२/०६ गते

बैठक नं ६०

देहाय

| क्र. सं. | योजना तथा कार्यक्रम | विनियोजित बजेट (रु.) | रकमान्तर भइ जाने रकम (रु.) | कायम हुने बजेट (रु.) | क्र. सं. | योजना तथा कार्यक्रम | विनियोजित बजेट (रु.) | रकमान्तर भइ थप हुने रकम (रु.) | कायम हुने बजेट (रु.) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गा.पा. अनुदान तर्फका शिक्षकहरुको तलब भत्ता पोसाक सहित | ११११०७००० | १२५०००० | ९८५७०० | १ | गाउँपालिका भरी बाटो विस्तार तथा अन्य सार्वजनिक निर्माण कार्यको लागि इन्धन खरिद | १२०००००० | ६००००० | १२६०००० | |
| | | | | | २ | कार्यालयको सवारी साधन तथा मोटरसाइकल आदि मर्मत खर्च बापतको रकम | २०००००० | ६५००००।- | २६५०००० | |
| २ | प्रारम्भिक बाल विकास केन्द्र स.का. तथा विद्यालय कर्मचारी थप तलब भत्ता | ९७०४०००० | ५३००००० | ९१७४०००० | ३ | गाउँपालिका तथा मातहतको कार्यालयको छपाइ तथा सूचना प्रकाशन खर्च | २५००००० | ५३००००।- | ३०३०००० | |
| ३ | कृषि तथा पशु सेवाका करार सेवामा कार्यरत एक गाउँ एक प्राविधिकहरु सहितको तलब भत्ता बापतको खर्च रकम | ३००००००० | ६००००० | २४००००० | ४ | घरभाडा | ७००००० | ६०००००।- | १३००००० | |
| ४ | गा.पा. स्थायी कर्मचारीहरुको महंगी भत्ता बापतको खर्च रकम | १००००००० | २५००००० | ७५००००० | ५ | गा.पा. लगायत गा.पा. अन्तर्गतका कार्यालयमा प्रयोगमा हुने टेलिफोन तथा इन्टरनेट आदि संचार सम्बन्धी खर्च | १००००००० | २५००००।- | १२५०००० | |
| ५ | गा.पा. स्थायी कर्मचारीहरुको तलब भत्ता बापतको खर्च | १७४००००० | २५००००० | १७१५०००० | ६ | गाउँपालिकाको सभा संचालन खर्च | ८००००० | २५०००० | १०५०००० | |

सर्केश घलान
अध्यक्ष

CamScanner

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | रकम | | | | | | | | | |
| ६ | कर्मचारीहरुको पोसाक खर्च बापतको रकम | १५००० ०० | ३७५०० ० | | ७ | कर्मचारी बैठक संचालन तथा व्यवस्थापन | ३००० ०० | ३७५००० | ६७५००० | |
| ७ | बीउ पुँजी परिचालन कार्यक्रम | २,५८,१० ०००।- | १०००० ०० | | ८ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता (विपद् जोखिम न्यूनीकरण तथा विपद् पूर्वतयारी सम्बन्धी कार्यक्रम संचालन खर्च) | १००० ०००। ८८ | १०००००० | २००००००।८ ८ | |
| ८ | प्रति विद्यार्थीको आधारमा विद्यालयलाई अनुदान | ३५००० ०० | ६०००० ० | २९००० ०० | ९ | विविध खर्च | २००० ००० | ६०००००।- | २६०००००।- | |

*निर्णय नं. ०९*

प्रस्तावित विषय नं. ०९ माथि छलफल गर्दा ANK-GROWTH-TECHNO JOINT VENTURE को च.नं. ५१/०८१, मिति २०८२।०१।२१ गतेको प्राप्त पत्रानुसार बागमती गाउँपालिका वडा नं. ०५, ०६ र ०९ मा संचालित सुपर बागमती जलविद्युत आयोजना (४१.८६ मे.वा.) का विभिन्न संरचनाहरु निर्माणको लागि तथा स्थानीय मोटरबाटोहरुमा ग्राबेल गर्नका लागि १५०० घ.मि. ग्राबेल माग गरेको हुँदा परियोजनाको वातावरणीय अध्ययन प्रतिवेदन एवं स्थलगत प्राविधिक निरीक्षण प्रतिवेदनको आधारमा बागमती खोलाको किनारबाट उक्त परियोजनाको दायाँ/बायाँ एवं तल/माथि ५०० मिटर क्षेत्र भित्रबाट माग बमोजिमको ग्रबेल वातावरणीय रुपमा प्रभाव अर्थात् असर नपर्ने गरी संचालित परियोजनाको लागि मात्र उपयोग गर्ने प्रयोजनार्थ प्रचलित कानुन बमोजिमको दस्तुर लिई अनुमति प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

*निर्णय नं. १०*

प्रस्तावित विषय नं. १० माथि छलफल गर्दा आवश्यकता एवं औचित्यताको आधारमा देहाय बमोजिम सर्वसम्मतिमा निर्णय गरियो।

१. निर्वाचन क्षेत्र रणनैतिक सडक कार्यक्रम अन्तर्गत Widening and Upgrading of Nunthar Raigaun Pyutar Baguwa Road, Makwanpur सडकका सन्दर्भमा बागमती गाउँ कार्यपालिका कार्यालयको च.नं. ५६७१, मिति २०८२/०१/१२ गतेको पत्रबाट उक्त निर्माण कार्यको सम्वन्धमा यस गाउँपालिका क्षेत्र भित्र प्रयोग गरिएको नदीजन्य पदार्थको परिमाण यकिनका लागि सडक डिभिजन हेटौंडालाई पत्राचार गरिएकोमा उक्त कार्यालयको च.नं. ९८६, मिति २०८२।०१।१६ गतेको पत्रबाट देहायानुसारको परिमाण उपयोग भएको जानकारी प्राप्त भएको एवं सो परिमाणको नदीजन्य पदार्थ बागमती गाउँपालिकाको IEE गरिएका खोलाहरुबाट प्रयोग गरिएको हुँदा बागमती प्रदेशको आर्थिक ऐन बमोजिम लाग्ने दस्तुर र प्रचलित कानुन अनुसार लाग्ने जरिवाना दस्तुर समेत गरी तपसिल अनुसारको नदीजन्य पदार्थको उपयोग बापत लागेको रकम असुल गर्न, गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

राकेश घलान
अध्यक्ष

मिति: २०८२/०२/०६ गते कार्यपालिका बैठक नं. ६०

देहाय

| क्र.सं. | आ.व. | परिमाण (क्यू.फि.) | दर प्रति क्यू.फि. | शुल्क (रु.) | VAT (रु.) | जरीवाना (रु.) VAT बाहेकमा (१०%) | जम्मा (रु.) | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०७९/०८० | ६४१३६।६२ | ९ | ५७७२२९।५८ | ७५०३९।८५ | १४४७८१।९० | ७९७०५१।३२ | |
| २ | २०८०/०८१ | ५१६७१।३५ | ९ | ४६५०४२।१५ | ६०४५५।४८ | ७०१३८।५५ | ५९५६३६।१८ | |
| ३ | २०८१/०८२ | ३१५०६७।३५ | ७ | २२०५४७१।४५ | २८६७११।२९ | - | २४९२१८२।७४ | |
| | जम्मा | | | | | | ३८८४८७०।२४ | |

२. श्री केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान मकवानपुरको आयोजनामा संचालन भइरहेको पालिका स्तरीय महिला भलिवल प्रतियोगितामा गाउँपालिकाको तर्फबाट प्रतिनिधित्व गर्दाको बखत लागेको करिव रु. ७१ हजार रुपैयाँ खर्च बागमती गाउँपालिकाको चालु आ.व. मा खेलकुद प्रशिक्षण तथा विविध कार्यक्रम खर्च शीर्षकबाट व्यहोर्ने।

३. चितवन मेडिकल कलेज भरतपुरको च.नं. CMC/ADM-FD/081-82/534, मिति २०८२।०२।०६ गतेको प्राप्त पत्रानुसार यस बागमती गाउँपालिकाको स्वामित्वमा रहेको ट्रिपरमा ठोकिएर घाईते हुनु भई उक्त मेडिकल कलेजमा उपचाररत श्री आकाश पाखिनलाई उपचार खर्च बापत रु. ५,२२,७७५/- (अक्षरेपि पाँच लाख बाइस हजार सात सय पचहत्तर रुपैयाँ मात्र) तथा CMC Pharmacy Pvt. Ltd. को मिति २०८२।०२।०६ गतेको प्राप्त पत्रानुसार सोही बिरामीको औषधि खर्च बापतको बक्यौता रकम रु. ४३,९९५/- (अक्षरेपि त्रिचालिस हजार नौ सय पञ्चानब्बे रुपैयाँ मात्र) गरी जम्मा रु. ५,६६,७७०।-(अक्षरेपि पाँच लाख छैसठ्ठी हजार सात सय सत्तरी रुपैयाँ) यस गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट व्यहोर्नका लागि मिति २०८२।०२।०६ गतेको गाउँ विपद् व्यवस्थापन समितिबाट सिफारिस भइ आएको हुँदा उक्त औषधि उपचार बापत हुन गएको खर्चलाई स्वीकृत गरी सोही अनुसार प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने। साथै, सोही दुर्घटनामा परी घइते हुनु भएका यस गाउँपालिकाका कर्मचारी श्री प्रताप रुम्बा र उक्त बिरामी श्री आकाश पाखिनको गत विगतमा पनि औषधि उपचार खर्च बापत रु. १ लाख ५० हजार रकम भुक्तानी भइ सकेको अवस्थामा सो दुर्घटना भए पश्चात् प्रचलित कानुन बमोजिम बिमाबाट प्राप्त हुने रकम बागमती गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा जम्मा गरी उक्त खर्चको शोधभर्ना गर्ने।

४. यस बागमती गाउँपालिकाका नागरिकहरुले विभिन्न आर्थिक विपन्नताको समस्या देखाइ आर्थिक सहयोगको अपेक्षा राख्दै सहयोग रकम माग गर्नु भएको हुँदा सहयोगको प्रकृति, आवश्यकता एवं औचित्यताको आधारमा बागमती गाउँपालिकाको चालु आ.व. २०८१।८२ मा विनियोजित दीर्घ रोगी, गम्भीर प्रकृतिका बिरामी तथा विपद्मा परेकालाई आर्थिक सहयोग खर्च शीर्षकबाट भुक्तानी हुने गरी देहायानुसार आर्थिक सहायता प्रदान गर्ने।

देहाय

| क्र.सं. | लाभग्राहीको नाम, थर | ठेगाना | रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | मान बहादुर भोलन | बागमती-०३ | १००००।- | |

५. यस बागमती गाउँपालिका अन्तर्गतका वडा नं. ०३ बाट रीतपूर्वक प्राप्त निवेदन, वडाको सिफारिस तथा जग्गा नापजाँचको विवरणको आधारमा **अनुसूची-१** मा उल्लिखित भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीहरुलाई लालपुर्जा वितरण गर्ने प्रयोजनार्थ आवश्यक प्रक्रियाको लागि भूमि समस्या समाधान आयोग मकवानपुरमा सिफारिस गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

सर्केश घलान
अध्यक्ष